आज मिति २०७६/०८/१२ गते बिहिबारका दिन शिवालय गाउँपालिका, सिमा जाजरकोटमा यस गाउँपालिकाका अध्यक्ष श्री नरेन्द्र कुमार शाहीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारको निर्णयहरु गरियो ।

<u>तपसिल</u>

| | |
|---|---|
| श्री नरेन्द्र कुमार शाही | अध्यक्ष |
| श्री कुमारी थापा | उपाध्यक्ष |
| श्री मान बहादुर पुन | वडाध्यक्ष वडा नं. १ |
| श्री प्रेम बहादुर बस्नेत | वडाध्यक्ष वडा नं. २ |
| श्री प्रेमदेव शर्मा | वडाध्यक्ष वडा नं. ३ |
| श्री तेज बहादुर बुढा | वडाध्यक्ष वडा नं. ४ |
| श्री चित्र प्रसाद रेग्मी | वडाध्यक्ष वडा नं. ५ |
| श्री भक्त बहादुर थापामगर | वडाध्यक्ष वडा नं. ६ |
| श्री विरबल खत्री | वडाध्यक्ष वडा नं. ७ |
| श्री जसविर वली | वडाध्यक्ष वडा नं. ८ |
| श्री दिपक बहादुर खड्का | वडाध्यक्ष वडा नं. ९ |
| श्री शेर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री कालो बादी | कार्यपालिका सदस्य |
| श्री सिर्जना रेग्मी | कार्यपालिका सदस्य |
| श्री बालकुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री रामसरी राना | कार्यपालिका सदस्य |
| श्री बिपना बुढा | कार्यपालिका सदस्य |
| श्री धनीराम शर्मा | सचिव |

प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरु

१. शिक्षण सिकाई सहयोग अनुदान सम्बन्धमा ।

२. गत आ.व.मा संघिय सरकारबाट प्राप्त शिक्षण सिकाई सहयोग अनुदान सम्बन्धमा ।

३. विद्यालय भौतिक सुविधा विस्तार कार्यक्रम छनौट सम्वन्धमा ।

४. विद्यालय मर्मत सम्वन्धमा ।

५. राहत वितरण सम्बन्धमा ।

६. मोटरसाइकल मर्मत शोधभर्ना भुक्तानी सम्वन्धमा ।

७. विविध तथा अन्य प्रासंगिक विषय ।

## निर्णयहरु

### निर्णय नं. १

प्रस्ताव नं. १ मा छलफल गर्दा विद्यालयको शैक्षिक सुधार गर्न शिक्षक दरबन्दी न्युन भएका विद्यालयहरुलाई आ.व २०७६/०७७ का लागि शिक्षक व्यवस्थापन गर्ने शर्तमा तपसिलका विद्यालयहरुलाई शिक्षण सिकाई सहयोग अनुदान निकासा दिने गाउँ शिक्षा समितिको निर्णय सर्वसम्मतबाट अनुमोदन गरियो ।

| क्र.सं. | विद्यालयको नाम | तह | रकम |
|---|---|---|---|
| १. | सरस्वती प्राथमिक विद्यालय शिवालय ७, बुर्दा | प्राथमिक तह | १०५००० |
| २ | नवज्योती प्राथमिक विद्यालय शिवालय ३, राख्मा | प्राथमिक तह | १०५००० |
| ३ | विरेन्द्र प्राथमिक विद्यालय शिवालय ७, जुगाँथापाचौर | प्राथमिक तह | १०५००० |
| ४ | चम्मालादेवी प्राथमिक विद्यालय शिवालय ३, ताँगा | प्राथमिक तह | १०५००० |
| ५ | नेपाल राष्ट्रिय आधारभूत विद्यालय शिवालय १, सिस्ने | आधारभुत तह | १२६००० |
| ६ | मष्टामन्दिर प्राथमिक विद्यालय शिवालय ८, पोखरा | प्राथमिक तह | १०५००० |
| ७ | जनकल्यान प्राथमिक विद्यालय शिवालय ५, सल्लेरी | प्राथमिक तह | १०५००० |
| ८ | हिमालयदेवी आधारभूत विद्यालय शिवालय २, डुग्रा | आधारभुत तह | १२६००० |
| ९ | हिमालय प्राथमिक विद्यालय शिवालय ५, काउला | प्राथमिक तह | १०५००० |

### निर्णय नं २

प्रस्ताव नं. २ मा छलफल गर्दा आ.व २०७५/७६ मा शिक्षा विकास तथा समन्वय इकाई जाजरकोटबाट यस शिवालय गाँउपालिका अन्तर्गत संचालनमा रहेका तपसिलमा उल्लेखित विद्यालयहरुलाई दिइएको शिक्षण सिकाई सहयोग अनुदान आ.व २०७६/७७ मा प्राप्त नहुदा उक्त विद्यालयहरुलाई शिक्षक व्यवस्थापन गर्ने सर्तमा आ.व २०७६/७७ को वार्षिक बाट विनियोजित रकम रु ५० लाखमध्ये बाट प्रति विद्यालय रु १८०००० शिक्षण सिकाई सहयोग अनुदान निकासा दिने गाउँ शिक्षा समितिको निर्णय सर्वसम्मतबाट अनुमोदन गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

तपसिल

| क.स | विद्यालयको नाम | ठेगाना | संख्या | रकम |
|---|---|---|---|---|
| १ | सरस्वती प्राथमिक विद्यालय सालकाँडाँडा | शिवालय १ | १ | १८०००० |
| २ | चन्द्रसुर्य प्राथमिक विद्यालय नेपा | शिवालय २ | १ | १८०००० |
| ३ | लक्ष्मी प्राथमिक विद्यालय बस्नेवडा | शिवालय ८ | १ | १८०००० |
| ४ | शान्ति प्राथमिक विद्यालय मालुवेला | शिवालय ७ | १ | १८०००० |
| ५ | बालज्योती प्राथमिक विद्यालय मान्दुरा | शिवालय ७ | १ | १८०००० |
| ६ | जनता प्राथमिक विद्यालय लिस्पानी | शिवालय ८ | १ | १८०००० |

## निर्णय नं. ३

प्रस्ताव नं. ३ मा छलफल गर्दा यस शिवालय गाँउपालिकालाई प्राप्त शिक्षा तर्फको सशर्त अनुदान कार्यक्रम अन्तर्गतको दुई कोठे भवन, शौचालय र विद्यालय प्रवलीकरण कार्यक्रम, अनुगमनको रिर्पोट र आवश्यकताका आधारमा देहायका विद्यालयहरुलाई छनौट गर्ने गाउँ शिक्षा समितिको निर्णय सर्वसम्मतबाट अनुमोदन गरियो ।

तपसिल

| क.सं | विद्यालयको नाम | ठेगाना | कार्यक्रम |
|---|---|---|---|
| १ | नवप्रतिभा प्राथमिक विद्यालय बालुवा | शिवालय ९ | २ (दुई कोठे भवन) |
| २ | हिमालय प्राथमिक विद्यालय काउला | शिवालय ५ | २ (दुई कोठे भवन) |
| ३ | चन्द्रसुर्य प्राथमिक विद्यालय नेपा | शिवालय २ | २ (दुई कोठे भवन) |
| ४ | देउराली प्राथमिक विद्यालय रिसिना | शिवालय ६ | २ (दुई कोठे भवन) |
| ५ | विरेन्द्र प्राथमिक विद्यालय जुगाँथापाचौर | शिवालय ७ | २ (दुई कोठे भवन) |
| ६ | कालिका प्राथमिक विद्यालय नर्ने | शिवालय ७ | २ (दुई कोठे भवन) |
| ७ | इन्द्रज्योती प्राथमिक विद्यालय लयकाँडा | शिवालय २ | २ (दुई कोठे भवन) |
| ८ | नेपाल राष्ट्रिय माध्यमिक विद्यालय स्यापी | शिवालय १ | शौचालय |
| ९ | विरेन्द्र मावि जुँगाथापाचौर | शिवालय ७ | शौचालय |
| १० | इन्द्रज्योती मा.वि थालारैकर | शिवालय ६ | प्रवलीकरण |

## निर्णय नं. ४

प्रस्ताव नं. ४ मा छलफल गर्दा यस शिवालय गाँउपालिकाको पाचौगाँउसभाबाट पारित आ.व. २०७६/७७ को स्वीकृत बार्षिक विकास कार्यक्रममा राखिएको विद्यालय मर्मत शिर्षकमा विनियोजित रकम रु १० लाख आवश्यकताका आधारमा देहायका विद्यालयहरुलाई मर्मतका लागि छनौट गर्ने गाउँ शिक्षा समितिको निर्णय सर्वसम्मतबाट अनुमोदन गर्ने गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

तपसिल

| क्र.सं | विद्यालयको नाम | ठेगाना | कार्यक्रम | रकम |
|---|---|---|---|---|
| १ | खड्गदेवी माध्यामिक विद्यालय लोतपाखा | शिवालय ६ | मर्मत | २००००० |
| २ | सरस्वती आधारभुत विद्यालय जाँत | शिवालय ६ | मर्मत | २००००० |
| ३ | मालिका प्राथमिक विद्यालय सुगुरखाल | शिवालय ६ | मर्मत | २००००० |
| ४ | चन्द्रदिपक माध्यमिक विद्यालय नाहाडा | शिवालय ९ | मर्मत | २००००० |
| ५ | कालिका प्राथमिक विद्यालय ढुंग्रा | शिवालय २ | मर्मत | २००००० |

## निर्णय नं. ५

प्रस्ताव नं. ५ मा छलफल गर्दा यस शिवालय गाँउपालिकाद्वारा प्रदान गरिने आर्थिक सहायता तथा विपद् राहत वितरणका लागि निर्धारण गरिएको कार्यविधि जटिल, झन्झटिलो तथा व्यवस्थापनमा कठिनाईका कारण आर्थिक सहायता दिन र राहत वितरणमा असहजता देखिएकाले सो समस्यालाई समाधान गर्न रु. १५ हजारसम्मको आर्थिक सहायता तथा राहत सहयोग गाउँपालिकाका अध्यक्ष श्री नरेन्द्र कुमार शाहीको तोकादेशका आधारमा तत्काल वितरण गर्ने व्यवस्था मिलाउन अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो । यसरी गरिएको आर्थिक सहायता तथा राहत वितरण लगत्तै पछि बस्ने बैठकबाट अनुमोदन गराउनुपर्ने समेत निर्णय गरियो ।

## निर्णय नं. ६

प्रस्ताव नं. ६ मा छलफल गर्दा शिवालय गाउँपालिकाको साबिकको सिमा गाबिस अन्तर्गतका वडाहरुमा सन् २०१६ देखि पहल कार्यक्रम स्थानीय साझेदार संस्था पहाडी क्षेत्र विकास अभियान जाजरकोट मार्फत सञ्चालन हुदै आइहेकोमा उक्त कार्यक्रम र यस गाउँपालिकाबीचको सम्बन्ध, समन्वय र सहकार्यलाई अझै सुमधुर बनाउन यस गाउँपालिका क्षेत्रभित्र सञ्चालित विभिन्न कार्यक्रमहरुको प्रभावकारी अनुगमन गर्नका लागि यस पालिकाको कृषि तथा पशुपंक्षी शाखाले प्रयोग गर्नेगरी उक्त कार्यक्रमबाट १ (एक) थान मोटरसाइकल उपलब्ध गराइदिनुहुन अनुरोध गर्ने निर्णय गरियो ।

शिवालय गाउँ कार्यपालिकाको मिति २०७६/०८/१२ मा बसेको सैतिसौ बैठकबाट उपरोक्तानुसारका निर्णयहरु भएको व्यहोरा प्रमाणित गर्दछु ।